# जानकी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

दुर्गौली, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं.: २०८३/०८४ (योजना तथा अनुगमन शाखा)
चलानी नं. :-

## बिक्रेता तथा सेवा प्रदायकहरुले पालना गर्नुपर्ने कुराहरु सम्बन्धी जानकारी ।

(मिति: २०८३/०५/१७)

प्रस्तुत विषयमा उपभोक्ता संरक्षण ऐन, २०७५ र नियमावली २०७६ मा भएको व्यवस्था एवं यस गाउँपालिकाको स्थानीय बजार व्यवस्थापन तथा अनुगमन ऐन, २०८१ मा भएको व्यवस्था बमोजिम बिक्रेता तथा सेवा प्रदायकले देहायका कुराहरु पालना गर्नहुन हार्दिक अनुरोध छ ।

तपसिल:

१- व्यवसाय दर्ता गरी इजाजत पत्र लिनुपर्नेमा सो समेत लिई समयमै नविकरण गर्नुहुन,
२- कारोवार स्थलमा सबैले देख्ने गरी साइनबोर्ड र मुल्यसूची राख्नहुन,
३- खरिद/बिक्री **बिल** लिने/दिने, वारेन्टी/ग्यारेन्टीको व्यवस्था भएमा सोको जानकारी र पालना गर्नहुन,
४- उपभोग्य मिति सकिएका र लेबल नभएका वस्तुहरु बिक्री/वितरण नगर्नहुन,
५- सम्पूर्ण उत्पादक, वितरक तथा विक्रेताहरुले म्याद नाघेका र टुटफुट भएका सामानहरु एउटा छुट्टै क्षेत्र (Expire Zone) मा राखी बिक्रीका लागि होइन (Not for Sale) भन्ने सूचना उक्त स्थानमा राख्नहुन,
६- कुनै वस्तुको जम्माखोरी तथा कृत्रिम अभाव सृजना नगर्नहुन,
७- अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलापहरु जस्तै: कमसल उपभोग्य वस्तु उत्पादन बिक्री वितरण गर्न, उपभोक्तालाई झुक्याउने गरी कुनै वस्तु नक्कल गर्न, निम्नस्तरको वस्तुलाई उच्च गुणस्तर भनि ढाट्न/झुक्याउन, वस्तु एवं सेवाको प्रयोग उपयोगिता प्रभावकारीता बारे ढाँट्न, उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पर्ने किसिमका वस्तु वा सेवाको उत्पादन वा बिक्री वितरण गर्न जस्ता क्रियाकलापहरु नगर्नहुन
८- माथि उल्लेखित कुराहरुको पालना गर्नहुन सबैमा हार्दिक अनुरोध छ ।

-----------------------------

(भानुभक्त भट्ट)
प्रमुख प्रशासकीय अधिकृत

भानुभक्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत